नेपाल हज समिति तथा सचिवालयबाट आ.व. २०८०/८१ मा सम्पादित कार्यक्रमहरू र सन् २०२४ मा सम्पन्न हजयात्रा व्यवस्थापनसम्बन्धी गतिविधिहरू समावेश गरी तयार गरिएको

# हज बुलेटिन

वर्ष ४ अङ्क ४ २०८१ असोज

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल हज समितिको सचिवालय
सिंहदरबार, काठमाडौं, नेपाल
SECRETARIAT OF NEPAL HAJJ COMMITTEE

# Mecca Kaaba



# Madina Sharif



नेपाल सरकार
गृह मन्त्रालय
**नेपाल हज समिति**
सिंहदरवार, काठमाडौँ

# सन् २०२५ (हज १४४६) को हजको लागि आवेदन दिन म्याद थप गरिएको सूचना ।

प्रकाशित मिति २०८१ कार्तिक ०१ गते

सन् २०२५ (हज १४४६) को हजमा साउदी अरब सरकारबाट नेपाललाई प्राप्त १२०० कोटामा हज गर्नका लागि इच्छुक नेपाली इस्लाम धर्मावलम्बीहरूलाई आवेदन दिन मिति २०८१ श्रावण ३० गतेको गोरखापत्रमा प्रकाशित सूचना बमोजिम आह्वान गरिएकोमा आवेदन दिने म्याद यहि मिति २०८१ असोज ३० गते समाप्त भएको र साउदी अरब सरकारबाट नेपालका लागि प्राप्त १२०० जनाको कोटा हालसम्म पुरा नभएकाले छुट भएका इच्छुक आवेदकहरूलाई मिति २०८१ मंसिर १५ गतेसम्म आवेदन गर्न म्याद थप गरिएको व्यहोरा सम्बन्धित सबैको लागि जानकारी गराइन्छ ।

**इश्रा मुल्ला मिया**
अध्यक्ष

नेपाल सरकार
गृह मन्त्रालय
**नेपाल हज समिति**
सिंहदरवार, काठमाडौँ

# सन् २०२५ (सन् २०२४ (हज १४४५) को हजमा खर्च भई बाँकी रकम फिर्ता हुने सम्बन्धी सूचना ।

(प्रकाशित मिति : २०८१/०४/२९)

सन् २०२४ (हज १४४५) को हजमा नेपालबाट जाने यात्रुहरूबाट नेपाल हज समितिको मिति २०८०/११/०२ को निर्णयानुसार हज शुल्क बापत प्रति व्यक्ति रू ४,१५,०००/- संकलन गरिएको मा हज सम्पन्न भए पश्चात् खर्च यकिन गर्दा प्रति व्यक्ति जम्मा रू ३,९१,५९३/- मात्र खर्च भई प्रति व्यक्ति रू २३,४०७/- बाँकी हुन आएकोले नेपाल हज समितिको मिति २०८१ श्रावण २४ गते बसेको बैठकबाट उक्त रकम सम्बन्धत हज यात्रुहरूको खातामा IPS मार्फत फिर्ता गर्ने निर्णय भएको हुँदा सन् २०२४ (हज १४४५) को हजमा सहभागी सबै हाजीहरूले आफ्नो बैंक खाताको विवरण (खातावालाको नाम अंग्रेजी अक्षरमा स्पष्ट लेखिएको चेकको फोटो वा विवरण सहितको खाता नम्बर श्रीमान् श्रीमतीको एकै भए हुने) आवेदकको सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालयमा यो सूचना प्रकाशन भएको मितिले एक महिना भित्र अध्यावधिक गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**इश्रा मुल्ला मिया**
अध्यक्ष

नेपाल सरकार
गृह मन्त्रालय

# नेपाल हज समितिको सचिवालय

सिंहदरबार, काठमाडौं, नेपाल

SECRETARIAT OF NEPAL HAJJ COMMITTEE